**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र


**खण्डः ०६** **संख्याः ०७** **मितिः २०७९/०९/११**


## भाग-२

**धनगढी उप महानगरपालिका**

# विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि ,२०७९

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०९ ।११**

**राजपत्रमा प्रकाशित मिति : २०७९।०९ ।१२**

**प्रस्तावना :**

धनगढी उपमहानगरपालिका क्षेत्र आगलागी,हुरी वतास, बाढी, डुबान. नदी कटान तथा भूकम्प, चट्याङ, महामारी जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । हरेक वर्ष सयौंको संख्यामा जनधनको क्षति, पूर्वाधार तथा अन्य संरचनाहरु नष्ट भैरहेका छन् । यस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्बाट हुनसक्ने जोखिम न्युनिकरण तथा व्यवस्थापनका लागी स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालन सम्बन्धि कार्यविधि बनाउन अत्यावश्यक रहेकाले, धनगढी उप-महानगरपालिकाको “धनगढी उप-महानगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७” को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी धनगढी उप-महानगरपालिकाले यो कार्यविधि तयार गरेको हो ।


धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद – १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ:

१. यस कार्यविधिको नाम **"विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९"** रहेको छ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुने छ।

### २. परिभाषा:

१. "ऐन" भन्नाले धनगढी उप-महानगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ सम्झिनु पर्छ।

२. "कोष" भन्नाले ऐनको परिच्छेद ५ को दफा १३ बमोजिमको विपद व्यवस्थापन कोष सम्झनुपर्छ।

३. "तोकिए या नतोकिए बमोजिम" भन्नाले प्रचलित कानुन अनुसार तोकिएको वा नतोकिएको बमोजिमको कुरा सम्झिनु पर्छ।

४. "नगर कार्यपालिका" भन्नाले धनगढी उपमहानगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनु पर्छ।

५. "प्रभावित व्यक्ति" भन्नाले विपदको घटनबाट परिवारको सदस्य गुमाएको, विछोड भएको (साथ छुटेको), शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गा जमिन, पशुपन्छी, मत्य, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्णरुपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झिनु पर्छ।

६. "उप-महानगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनु पर्छ।

७. "नगरसभा" भन्नाले धनगढी उपमहानगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ।

८. "वडा" भन्नाले उपमहानगरपालिकाका वडा समितिलाई सम्झिनुपर्छ।

९. "राहत" भन्नाले विपद प्रभावित व्यक्तिलाई उपलव्ध गराइने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनु पर्दछ।

१०. "वस्तुगत सामाग्री" भन्नाले नगद बाहेकका सहायता सामाग्री सम्झनु पर्दछ।

११. "समिति" भन्नाले ऐनको परिच्छेद २ को दफा ३ बमोजिमको उप-महानगरपालिका विपद व्यवस्थापन समिति सम्झनु पर्दछ।

१२. "संयोजक" भन्नाले उप-महानगरपालिका विपद व्यवस्थापन समितिको संयोजक सम्झनु पर्दछ।

१३. "राहत मापदण्ड" भन्नाले उपमहानगरले समय समयमा बनाएको राहत मापदण्डलाई सम्झनु पर्दछ।

१४. "प्रमुख" भन्नाले धनगढी उप–महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

१५. "उप–प्रमुख" भन्नाले धनगढी उप–महानगरपालिकाको नगर उप–प्रमुखलाई सम्झनु पर्दछ।

१६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उप–महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

१७. "वडा अध्यक्ष" भन्नाले धनगढी उप–महानगरपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ।

धनगढी उपमहानगरपालिका राजपत्र

## परिच्छेद – २

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

### ३. कोषको स्थापना

१. स्थानीय स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य उप-महानगरपालिका स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक श्रोत संकलन र परिचालन गर्न उप-महानगरपालिकामा एक विपद् व्यवस्थापन कोष तथा वडामा वडा विपद् व्यवस्थापन कोष रहनेछ।

२. कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि उप-महानगरपालिकाको सञ्चित कोष रहेको तथा नेपाल राष्ट्र बैंकले तोकेको क वर्गको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ।

३. कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको **दफा ५ बमोजिम** कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र **दफा ६ बमोजिम** प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँनेछ।
*तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन।*

४. यस कार्यविधिको **दफा ६ बमोजिम** कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरि अभिलेख गरिनेछ।

### ४. कोषको उद्देश्य

१. स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ।

२. कोषले देहायका क्षेत्रमा काम गर्ने छ :

क. विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने।

ख. विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने।

ग. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने।

### ५. कोषको आम्दानी

१. कोषमा ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछ :

क. उप-महानगरपालिकाको वार्षिक बजेट मार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

ख. विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहबाट प्राप्त रकम,

ग. उप-महानगरपालिकाको सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

घ. उप-महानगरसभा सदस्य, नगरकार्यपालिका सदस्य, उपमहानगरपालिकाका कर्मचारीहरूको स्वेच्छिक निणर्यबाट प्राप्त हुने रकम,

धनगढी उप-महानगरपालिका राजपत्र

ङ. स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा दान, दातव्य तथा उपहार स्वरुप प्राप्त हुने रकम,

च. गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा अन्तराष्ट्रिय संघसंस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

छ. कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

ज. दफा ६ को उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

झ. प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम।

२. उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा उप-महानगरपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ। त्यसरी नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनुपर्नेछ।

३. कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ।

*तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।*

## ६. वस्तुगत सहायता सामाग्री:

१. ऐनको दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ।

२. उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ।

**स्पष्टिकरण:** *यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्तहुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ। यदी त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ। सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि समितिले उचित ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ।*



धनगढी उप-महानगरपालिका राजपत्र

३. उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निणर्यले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ । लिलाम बिक्रिबाट प्राप्त आय रकमलाई दफा ३ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

४. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूणर्रूपमा अस्वीकार गर्न सक्नेछ ।

५. उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्नेछ ।

६. उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री उपदफा (४) वा (५) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनुपर्नेछ ।

७. उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (४) वा (५) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धि मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ ।

*तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।*

८. यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीलाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्‍याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ ।

## ७. कोषको प्रयोग:

१. कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निणर्य गर्नुपर्ने छ ।

२. उप-महानगर विपद् व्यवस्थापन समितिको निर्णय पश्चात कोषको रकम विपद् पूर्वतयारीमा खर्च गर्न पाइने छ ।

तर पूर्वतयारीमा रकम खर्च गर्दा कोषको रकम १० लाख भन्दा कम बाँकी राखी गर्न पाइने छैन ।

३. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निणर्यबाट एक पटकमा बढीमा विस हजार रूपैयाँसम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

४. कोषमा जम्मा भएको रकम तथा सामाग्री उपमहानगर विपद् व्यवस्थापन समितीले देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :

क. वडास्तरिय विपद् व्यवस्थापन समितीले विपद् प्रभावितको लागि प्रदान गर्ने तत्कालीन राहतका सामाग्रीहरु अपुग भई लिखित जानकारी आएमा वस्तुहरू खरिद गर्ने उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

ख. विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनस्र्थापना गर्न अपुग भई लिखित जानकारी आएमा उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

ग. विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न अपुग भई लिखित जानकारी आएमा उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

घ. विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई यस कार्यविधीमा तोकिए बमोजिमको सहायता उपलब्ध गराउन तथा रकम अपुग भई लिखित जानकारी आएमा उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

ङ. विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिएबमोजिमको राहत उपलब्ध गराउने तथा रकम अपुग भई लिखित जानकारी आएमा उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

च. खोज, उद्धार तथा प्राथमिक उपचारका लागि आवश्यकताको आधारमा विशेषज्ञको परिचालन गर्न,

छ. विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुर्षणको विसर्जन गर्न लिखित जानकारी आएमा विशेषज्ञको परिचालन तथा अपुग रकम माग भई लिखित जानकारी आएमा उल्लेखित रकम उपलब्ध गराउन आवश्यक कार्य गर्न,

ज. विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद र प्रणाली विकास गर्न,

झ. स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

ञ. विपद् रोकथाम, अल्पीकरण, पुर्वतयारी, प्रतिकार्य, विपद्पछिको पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न वडाहरुलाई आवश्यक मार्गदर्शन गर्न,

ट. समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्वन्धि अन्य काम गर्न, गराउन।

४. कोषमा जम्मा भएको रकम तथा सामाग्री वडास्तरिय विपद् व्यवस्थापन समितीले देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :

क. विपदबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

ख. विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

ग. विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनस्र्थापना गर्न,

घ. विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

ङ. विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्न,

धनगढी उप-महानगरपालिका राजपत्र

च. विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए बमोजिमको सहायता उपलब्ध गराउन,

छ. विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

ज. खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवकको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

झ. विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुर्षणको विसर्जन गर्न,

ञ. विपद् पूर्व सूचना प्रणाली सञ्चालन गर्न,

ट. खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

ठ. वडा स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

ड. जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

ढ. विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

ण. विपद् पछिको पुनःनिर्माणको कार्य गर्न,

त. विपद् रोकथाम, अल्पीकरण, पुर्वतयारी, प्रतिकार्य, विपद्पछिको पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

थ. समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्वन्धि अन्य काम गर्न, गराउन।

५. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन।

६. कोषमा मौज्दात रकम दश लाख रूपैया भन्दा घटि भएको अवस्थामा आपतकालिन कार्यबाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिनेछैन।

## ८. राहत सहायता वितरण :

१. प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ।

२. उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ।

३. उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्र्जिमन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

४. उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहर्‍याएबमोजिम हुनेछ।

५. उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराँउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ।

६. विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, विपन्न, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

## ९. कोष प्रयोग गर्न नपाईने :

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैन :

क. नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

ख. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

ग. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

घ. विपदबाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

ङ. कुनै पनि किसिमको गोष्ठि , अन्तरक्रिया वा सभासम्मेलन सञ्चालन गर्न, गराउन,

च. आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्न, गराउन,

छ. विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन।

***स्पष्टीकरण:*** *यस कोषबाट विपद्का कारण बाहेक उत्पन्न रोगीका लागि उपचार सहायता, शैक्षिक सहायता, दलित तथा पिछडिएका वर्गका लागि सहायता लगायत अन्य सामाजिक सहायताका लागि प्रयोग गर्न पाईने छैन।*

२. कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिक रूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिने छैन।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद – ३

## कोषको सञ्चालन, लेखा तथा लेखा परिक्षण

### १०. कोषको सञ्चालन :

१. कोषको बैंक खाता सञ्चालन उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

२. कोषबाट एक पटकमा पाँच हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ।

३. कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ।

४. उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ।

### ११. कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकरण :

१. कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

२. कोषले नगरकार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

३. कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ।

४. आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी नगरकार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नु पर्नेछ।

### १२. लेखा परिक्षण :

१. कोषको आन्तरिक लेखापरीक्षण उप-महानगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

२. कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

३. नगरकार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ।

४. नगरकार्यपालिकाको कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद -४

## विविध

### १३. सशर्त सहायता :

१. विपद् व्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निणर्य गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ ।

*तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व स्वीकृती आवश्यक पर्नेछैन ।*

२. उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्रीलाई तोकिएको काममा मात्र उपयोग गर्नुपर्नेछ।

३. उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए-नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ ।

४. उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक्ता अनुसार समितिले थप मापदण्ड र निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

### १४. परामर्श लिन सक्ने :

समितिले यस कार्य्विधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

### १५. रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहने :

१. दफा ५ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

२. तर दफा १३ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

३. कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

***स्पष्टिकरण:*** *यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुन:पुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ।*

४. कोषमा मौज्दात रकम दश लाख रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ ।

शुक्लागण्डकी नगरपालिका राजपत्र

## १६. सहयोगका लागि आह्वान गर्ने :

१. विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय श्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा उप-महानगरपालिकाले छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

२. विपदबाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

## १७. अभिलेख राख्ने :

१. समितिले कोष परिचालन सम्बन्धमा गरेको निणर्य र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ ।

३. दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

## १८. अनुगमन :

१. यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप एक सदस्य समेत संलग्न रहेको अनुगमन टोली खटिई कोष परिचालनबाट भएको कामको अनुगमन गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ ।

३. उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

५. अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

६. उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघसंगठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## १९. उपमहानगर विपद् व्यवस्थापन कोषबाट प्रदान गरिने सहयोगको विवरण र आधार :

१. उपमहानगर विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमको अवस्थामा सहयोग उपलब्ध गराइनेछ

क. विपदमा परि कुनै व्यक्तिको मृत्यु भए आपतकालीन राहत स्वरुप प्रति व्यक्ति (मृतक) रु १०,००० (अक्षेरुपी दस हजार मात्र ) सम्म मृतकको परिवारलाई उपमहानगर विपद् जोखिम व्यवस्थापन समितिले सहयोग गर्ने छ ।

ख. विपदमा परि अंगभंग भई उपचार गराउनै पर्ने अवस्था देखिएमा र वडा विपद् ब्यवस्थापन कोषको बजेट अपुग भई लिखित जानकारी आएमा पीडित व्यक्तिलाई उपमहानगर विपद् ब्यवस्थापन कोषबाट रु ५००० (अक्षेरुपी पाच हजार) सम्म थप उपचार सहयोग परिवारको आवश्यकता हेरी उपमहानगर विपद् जोखिम व्यवस्थापन समितिले दिनसक्नेछ ।

ग. उपदफा (१) मा जे सुकै कुरा उल्लेख भएको भएतापनि विपद् ब्यवस्थापन कोषबाट उपलब्ध हुने सहयोग सोहि बर्षमा दोहोर्याएर लिन दिन प्रतिबन्ध लगाइनेछ ।

***स्पष्टीकरण:*** *परिवार भन्नाले आमा, बुबा, श्रीमान्/श्रीमति, छोरा, छोरी र अन्य आश्रित व्यक्ति बुझिन्छ । प्रभावितहरुले उल्लेखित राहत प्राप्त गर्न सम्बन्धित वडा कार्यलयको सिफारिस, प्रमाणित स्थानीय प्रहरी मुचुल्का सहित घटना भएको १५ दिन भित्र उपमहानगरपालिकामा निवेदन दर्ता गर्नुपर्नेछ पछि आएको निवेदनलाई मान्यता दिइने छैन । सामाजिक द्वन्द, व्यक्तिगत हत्या, आत्महत्या, पौडी खेल्न वा साहसिक खेलमा सहभागी हुदा भएको दुर्धटना, निजी सवारी दुर्धटना, वैदेशिक रोजगारीमा भएको दुर्धटना र केन्द्र, प्रदेश तथा जिल्लाबाट विशेषज्ञ टोली नआई नियन्त्रण भएको कुनै पनि रोग प्रकोप हुने छैन ।*

२. वडास्तरिय विपद् व्यवस्थापन कोषबाट प्रदान गरिने सहयोगको विवरण र आधार :

क. वडास्तरिय विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमको अवस्थामा सहयोग उपलब्ध गराइनेछ

१. विपद्मा परि अंगभंग भई उपचार गराँउनै पर्ने अवस्था देखिएमा पीडित व्यक्तिलाई वडा विपद् ब्यवस्थापन कोषबाट प्रति व्यक्तिलाई रु ५००० (अक्षेरुपी पाच हजार) सम्म उपचार सहयोग वडा स्तरिय विपद् जोखिम व्यवस्थापन समितिले दिनसक्नेछ।

२. विपद्बाट वासस्थान पुणर् नष्ट भई छिमेकीको घरमा आश्रय वा अन्यत्र विस्थापित वा अस्थायी शिविरमा वस्नु पर्ने भए राहत स्वरुप विपद् ब्यवस्थापन कोषबाट स्थानीय विपद् जोखिम व्यवस्थापन समितिले प्रति परिवार रु ५००० (अक्षेरुपी पाच हजार) सम्म प्रदान गर्ने छ ।

३. विपदबाट भण्डारण गरेको खाद्यान्न तथा जग्गा जमिनमा लगाएको वाली जग्गा जमिन नोक्सान भई तत्काल गुजाराका लागि कठिन अवस्था उत्पन्न भएको भए त्यस्तो परिवारको आपतकालीन भरण पोषणका लागि विपद् ब्यवस्थापन कोषबाट परिवारको आवश्यकता हेरी रु ५००० (अक्षेरुपी पाच हजार) सम्म राहत प्रदान गरिनेछ ।

ख. उपदफा (१) मा जे सुकै कुरा उल्लेख भएको भएतापनि विपद् ब्यवस्थापन कोषबाट उपलब्ध हुने सहयोग दोहोर्याएर लिन दिन प्रतिबन्ध लगाइनेछ ।

***स्पष्टीकरण:*** *परिवार भन्नाले आमा, बुबा, श्रीमान्/श्रीमति, छोरा, छोरी र अन्य आश्रित व्यक्ति बुझिन्छ । माईतीमा **आश्रित चेलीबेटी र उनीहरुको सन्तानहरुलाई अर्को परिवार** मानिने छ । प्रभावितहरुले उल्लेखित राहत प्राप्त गर्न सम्बन्धित वडा कार्यलयको सिफारिस ,प्रमाणित स्थानीय प्रहरी मुचुल्का सहित घटना भएको १५ दिन भित्र उपमहानगरपालिकामा निवेदन दर्ता गर्नुपर्नेछ पछि आएको निवेदनलाई मान्यता दिइने*

धनगढी उप-महानगरपालिका राजपत्र

*छैन । सामाजिक द्वन्द, व्यक्तिगत हत्या, आत्महत्या, पौडी खेल्न वा साहसिक खेलमा सहभागी हुदा भएको दुर्धटना, निजी सवारी दुर्धटना, वैदेशिक रोजगारीमा भएको दुर्धटना र केन्द्र, प्रदेश तथा जिल्लाबाट विशेषज्ञ टोली नआई नियन्त्रण भएको कुनै पनि रोग प्रकोप हुने छैन ।*

### २०. महामारी भएको खण्डमा सोको कामकारवाही कार्यविधि मातहत रहने :

कुनै पनि रोगलाई राष्ट्रिय रुपमा महामारी घोषणा गरिएको खण्डमा, त्यस रोगको रोकथामका लागी गरिने सम्पूर्ण काम-कारवाहीहरू यसै विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७९ बमोजिम भए गरेको मानिनेछ ।

### २१. निर्देशन दिन सक्ने :

उप-महानगरसभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**आज्ञाले**

................................
रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
धनगढी उप-महानगरपालिका

धनगढी उप-महानगरपालिका